# मिक्लाजुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः७ संख्याः २ मितिः २०८०/०६/२३

## भाग-२

## मिक्लाजुङ गाउँपालिका

### मिक्लाजुङ गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०

कार्यपालिकाबाट स्विकृत मितिः २०८०/०६/२२

प्रमाणिकरण मितिः २०८०/०६/२२

प्रस्तावनाः मिक्लाजुङ गाउँपालिका अन्तर्गत रहेको रोजगार केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगारी सुनिश्चित गर्न एवं कृषि उत्पादनमुखि आयोजना, पर्यटन प्रवर्द्धन तथा सामुदायिक पुर्वाधारका आयोजना सञ्चालन मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउन रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को दफा २४ बमोजिम मिक्लाजुङ गाउँपालिका भरी लागु हुने गरी मिक्लाजुङ गाउँपालिका गाउँ कार्यपालिकाद्धारा स्वीकृत गरी यो कार्यविधि लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "मिक्लाजुङ गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले रोजगारीको हकसम्बन्धी ऐन, २०७५ सम्झनु पर्दछ ।

(ख) "निर्देशिका" भन्नाले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ सम्झनु पर्दछ ।

(ग) "नियमावली" भन्नाले रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ सम्झनु पर्दछ ।

(घ) "मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्झनु पर्दछ ।

(ङ) "कार्यबिधि" भन्नाले मिक्लाजुङ गाउँपालिमामा प्रधानमन्त्री रोजगार कार्यक्रम, कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यबिधि, २०८० सम्झनु पर्छ ।

(च) "समुदाय" भन्नाले टोल, गाउँ वा वस्तीस्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ ।

(छ) "समुदाय स्तरको आयोजना" भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रमप्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना वा कृषि उत्पादन सम्बन्धि आयोजनालाई सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिकाको कार्यपालिका बैठक सम्झनु पर्दछ ।

(झ) "गाउँपालिका" भन्नाले मिक्लाजुङ गाउँपालिका सम्झनु पर्दछ ।

(ञ) "वडा" भन्नाले मिक्लाजुङ गाउँपालिका अन्तर्गत रहेका ८ (आठ) वटा वडा सम्झनु पर्दछ ।

(ण) "ज्याला" भन्नाले नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालय तथा स्थानीय तहले श्रमिकले दैनिक काम गरे वापद पाउने पारिश्रमिक सम्झनु पर्दछ ।

## परिच्छेद २

## आयोजनाको ढाँचा र क्षेत्र

३. **आयोजनाको ढाँचा:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन निर्देशिकाको दफा १९ को उपदफा (३) बमोजिम देहायका ढाँचामा आयोजना सञ्चालन गर्न सक्नेछन्:

(क) सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना वा कृषि उत्पादन सम्बन्धि आयोजना वा पर्यटन सम्बन्धि आयोजना मार्फत रोजगारी सिर्जना: सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजनामा आधारित समुदायस्तरको आयोजना सञ्चालन ।

(ख) सार्वजनिक पूर्वाधार मर्मत सम्भार वा मार्फत रोजगारी सिर्जना: (१) स्थानीय तह भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिक (Cash for Work) मा आधारित आयोजना सञ्चालन ।

(ग) अपाङ्गता भएका व्यक्तिका लागि विशेष व्यवस्था: बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत भएका अपाङ्गता भएको कुनै पनि व्यक्तिका लागि रोजगारीको हकको सुनिश्चित गर्न स्थानीय तहले देहाय बमोजिमको विशेष व्यवस्था गर्न सक्नेछ:

(अ) शारीरिक अवस्था र शैक्षिक योग्यताका आधारमा उपयुक्त रोजगारीका अवसर उपलब्ध भए त्यस्तो रोजगारीमा निजलाई प्राथमिकता दिई खटाउन,

(आ) निजको व्यवसाय प्रस्तावपत्र (Business Proposal) सहितको निवेदनका आधारमा बढीमा तीन महिनाको निःशुल्क स्वरोजगारमूलक व्यवसायिक तथा सीप विकास तालिम दिने व्यवस्था गरी सहुलियतपूर्ण ऋणका लागि सम्बन्धित निकायमा सिफारिस र सहजीकरण गर्न, वा

(इ) निर्देशिकाको दफा ८६ बमोजिमको लक्षित वर्गको लागि विशेष व्यवस्था अन्तर्गतको सुविधा उपलब्ध गराउन मन्त्रालयमा सिफारिस गर्न ।

४. **कार्यस्थलमा आधारित तालिम:** (१) सूचिकृत बेरोजगार व्यक्तिहरुलाई दफा ३ को देहाय (क) र ख) बमोजिमका आयोजनामा रोजगारीमा खटाउँदा खटिएको आयोजनामा काम गरिरहँदाकै बखत उनीहरुमा कामसंग सम्बन्धित सीप एवं क्षमता विकास गर्न कार्यस्थलमा आधारित तालिम प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम कार्यस्थलमा आधारित तालिम दिइएको अवधिलाई रोजगारी दिनकै रुपमा गणना गरी श्रमिकलाई सो अवधिको समेत ज्याला उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यस्थलमा आधारित तालिम सञ्चालन सम्बन्धमा मन्त्रालयले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ ।

५. **आयोजना सञ्चालनका क्षेत्र: यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा** देहायका क्षेत्रहरुभित्र पर्ने आयोजना मात्र छनौट गर्नु पर्नेछ:

**(१) सडक निर्माण तथा मर्मत सम्भार :**

(क) स्थानीय तहभित्रका बस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार

(ख) राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार

**(२) कृषि तथा सिंचाई :**

(क) सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार

(ख) पोखरी तथा पानीको मूल संरक्षण एवं मर्मत सम्भार

(ग) कृषि तथा पशुपन्छीजन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डार गृह, शीत भण्डार, हाट बजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार

(घ) कृषि, पशुपन्छीजन्य, बन जन्य तथा पर्यटकिय क्षेत्रको बिकास वा उत्पादनका लागि निजि वा सार्वजानिक जग्गामा आयोजना सञ्चालन गर्न सकिनेछ यसको लागि रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारहरुलाई रोजगार उपभोक्ता समिति मार्फत आयोजनामा खटाउन सकिने छ । यसरी सञ्चालन भएको उत्पादनमुखि आयोजनाबाट उत्पादित बस्तु वा नगदलाई गाउँपालिकाको छुट्टै रोजगार प्रबर्धन कोष खडा गरी वा विविध खातामा आम्दानीको स्रोतको रुपमा राखि पुनः कृषि उत्पादनमुखि आयोजना सञ्चालन गर्न सकिनेछ ।

(ङ) दफा ५ को उपदफा (२ घ) मा उल्लेखित आयोजनाबाट उत्पादित बस्तुको मूल्य निर्धारण, बिक्री बितरण कार्य सम्बन्धित वडा कार्यालयले गर्ने, यस्ता उत्पादनको बिक्रीबाट प्राप्त नगद वडा कार्यालयले गाउँपालिकाको रोजगार प्रबर्धन कोषमा जम्मा गर्नु पर्नेछ । यसरी रोजगार प्रबर्धन कोषमा जुन वडाबाट जती रकम जम्मा भएको छ सो रकमबाट सोही वडाको रोजगारी सृजना गर्ने प्रकृतीका कृषि जन्य आयोजना सञ्चालन गर्नुपर्नेछ । आयोजना सञ्चानका लागि वडाको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम गर्नुपर्नेछ ।

(च) दफा ५ को उप दफा (२ ङ) बमोजिम सञ्चालित आयोजनाबाट प्राप्त प्रतिफल वा मुनाफाबाट पुनः सञ्चालन हुने आयोजना सञ्चालन गर्दा आयोजनामा बिनियोजित कुल बजेटको बढीमा २५ प्रतिशत बजेट आयोजना ब्यवस्थापन (सूरक्षा सामग्री, निर्माण सामग्री, अन्य मसलन्द) मा खर्च गर्न सकिनेछ र बाँकी सबै ज्यालामा खर्च गर्नुपर्नेछ ।

(छ) गाउँपालिका अथवा वडाले समेत आफ्नै बजेटबाट यस्तो प्रकृतीको आयोजना सञ्चालन गर्न सक्नेछ ।

(ज) आयोजनाबाट प्राप्त प्रतिफल वा आम्दानीबाट श्रमिकहरुलाई वडा कार्यालयको सिफारिसमा कुल आम्दानीको १० देखि १५ प्रतिशत प्रोत्साहन स्वरुप प्रदान गर्न सकिनेछ ।

(३) ग्रामीण खानेपानी :

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार

(४) स्वास्थ्य तथा सरसरफाई :

- सरकारी अस्पताल, स्वास्थ्य चौकी/केन्द्र र प्रसुति गृह निर्माण तथा मर्मत सम्भार
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(५) शिक्षा :

- सरकारी विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खाने पानीको धारा, खेल मैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार

(६) वन तथा जलाधार :

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वन जङ्गल संरक्षण
- पहिरो तथा नदी नियन्त्रण
- साना बाँध निर्माण

(७) पर्यटन :

- पदमार्ग निर्माण तथा मर्मत सम्भार
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा सेड, विश्राम स्थल तथा चौतारो निर्माण तथा संरक्षण
- उच्च महत्वका प्रसिद्ध पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण

## परिच्छेद ३

## आयोजना तथा सूचिकृत बेरोजगार छनौट प्रक्रिया

६. **आयोजना छनौट:** (१) स्थानीय तहले यस कार्यक्रमका लागि आयोजना छनौट गर्दा वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरुको सूचीबाट एउटा आयोजनाको लागत बढीमा रु. २५००००० (पच्चिस लाख) सम्मको आयोजनाहरु छनौट गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजना उपलब्ध नभएको वा उपलब्ध आयोजना सम्बन्धित स्थानीय तहमा सूचिकृत बेरोजगार व्यक्तिलाई युवा रोजगारीका लागि रुपान्तरण पहल अन्तर्गतका आयोजनाहरुमा एकसय दिनको न्यूनतम रोजगारी उपलब्ध गराउने तथा कामका लागि पारिश्रमिकमा आधारित आयोजनाहरुमा बजेटको उपलब्धता बमोजिम रोजगारी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम आयोजना माग भएकोमा वडा समितिले देहायका प्रकृतिका आयोजना पहिचान गरी सिफारिस गर्नु पर्नेछः

(क) गरिबी तथा जोखिममा रहेका विपन्न समुदाय र सीमान्तकृत वर्गलाई प्रत्यक्ष रुपमा लाभ दिने,

(ख) उच्च तथा दीगो आर्थिक प्रतिफल प्राप्त हुने किसिमका भौतिक पूर्वाधार निर्माण हुने,

(ग) बढी भन्दा बढी जनसंख्यालाई लाभ पुग्ने,

(घ) स्थानीय समुदायको सामाजिक र आर्थिक उन्नतिमा प्रत्यक्ष सहयोग पुग्ने,

(ङ) वातावरण संरक्षण र विपद व्यवस्थापन गर्न योगदान पुऱ्याउने ।

(च) कृषि उत्पादन सम्बन्धि आयोजना सञ्चालन गरि उत्पादिन बस्तुको परिप्रयोगद्धारा पुनः रोजगारी सृजना गर्ने खालका आयोजना

(४) आयोजना छनौट गर्दा यस कार्यक्रमबाट उपदफा (१) र (२) बमोजिमको सीमाभित्र रही विनियोजन हुने रकम श्रमिकको ज्यालामा मात्र भुक्तानी गर्ने गरी आफ्नो वा अन्य कुनै श्रोतबाट थप रकम व्यवस्था गरेर उपदफा (१) र (२) मा तोकिए भन्दा बढी लागतका आयोजना समेत सञ्चालन गर्न सकिनेछ ।

(५) आयोजना सञ्चालनका लागि स्थानीय तह र वडाले आफ्नै बजेट स्रोतबाट समेत बजेट बिनियोजन गरी सञ्चालन गर्न सक्नेछ ।

(६) गाउँपालिका वा वडाले संघिय सरकारबाट प्राप्त बजेटमा साझेदारी गरी आयोजना सञ्चालन गर्न सक्नेछ ।

(७) आयोजनामा खटिने बेरोजगार वा श्रमिकको छनौट गर्दा श्रम रोजगार तथा सामाजिक सूरक्षा मन्त्रालयले विकास गरेको (EMIS) प्रणालीमा सूचिकृत व्यक्तिहरुलाई वडा कार्यालयले छनौट गरी गाउँपालिकालाई सिफारिस गर्नेछ ।

७. **स्थानीय तहले आयोजना प्रस्ताव गर्नु पर्ने** (१) स्थानीय तहले दफा ६ को उपदफा (१) र (४) बमोजिम छनौट भएका आयोजनाहरुको आयोजना बैंक बनाएर राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमका आयोजनाहरुलाई प्राथमिकताको आधारमा कार्यान्वयन गर्दै जानु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका आयोजनाहरु देहायका शर्तहरु पुरा भएको हुनु पर्नेछः

**(क) श्रममूलक प्रविधिको प्रयोग गर्नुपर्ने:** आयोजनाको कार्यान्वयनमा श्रममूलक प्रविधिको मात्र प्रयोग हुने गरी आयोजनाको प्रस्ताव गर्नु पर्नेछ । लोडर, एक्साभेटर, रोलर, डोजर, ग्रेडर विटुमिन डिस्ट्रीव्युटर, विटुमिन व्वाइलर जस्ता हेभि मेशीनहरु प्रयोग गर्नेगरी आयोजना प्रस्ताव गर्न पाईने छैन ।

**(ख) लागत अनुमान स्वीकृत भएको हुनुपर्ने:** सम्बन्धित स्थानीय तहले प्राविधिक कर्मचारीबाट आयोजनाको लागत अनुमान (आवश्यकता अनुसार ड्रईङ्ग डिजाइन सहित) र सोको आधारमा स्वीकृत गरेकोहुनु पर्नेछ ।

(घ) **अन्य श्रोतबाट थप निर्माण सामग्री खरिद गर्न सक्ने:** स्थानीय तहले यस कार्यक्रबाट विनियोजित बजेटभन्दा बाहेकको आफ्नै वा अन्य कुनै स्रोतबाट खर्च व्यहोर्ने गरी आयोजनाको कुल अनुमानित लागतको २५ प्रतिशत भन्दा बढी रकमको निर्माण सामाग्री खरिद गर्ने गरी आयोजना प्रस्ताव गर्न भने सक्नेछ । यस्ता आयोजनामा निर्माण सामाग्री खरिद गर्न स्थानीय तहले थप गरे बराबरको रकम आयोजना लागतमा दफा ६ को उपदफा (१) र (२) ले तोकेको सीमा भन्दा बढी हुन सक्नेछ ।

(ङ) **प्राविधिकको सिफारिस बमोजिम मात्र सुरक्षा सामग्री खरिद गर्नुपर्ने:** श्रमिकका लागि कार्यस्थल सुरक्षा सामाग्रीको खरिद गर्दा प्राविधिकले श्रमिकको सुरक्षामा जोखिम हुने भनी स्पष्ट उल्लेख गरी सुरक्षा सावधानीका लागि प्रयोग गर्न सिफारिस गरेका सामाग्रीहरु लागत इष्टिमेटमा तोकिएको अनुमानित लागतको सीमाभित्र रहेर मात्र खरिद गर्नु पर्नेछ ।

## परिच्छेद ४

## आयोजना कार्यान्वयन प्रक्रिया

८. **बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउने:**

(१) स्थानीय तहले सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउँदा आयोजनाको स्वीकृत लागत अनुमान बमोजिम उपलब्ध रोजगारीका अवसर प्रदान गर्ने गरी आवश्यक संख्याका श्रमिकलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध बेरोजगार व्यक्तिको सूचीबाट वडा कार्यालयको सिफारिस बमोजिम क्रमश: खटाउनु पर्नेछ ।

(२) स्थानीय तहले उपदफा (१) बमोजिम आयोजनामा खटिने श्रमिकलाई निर्देशिकको दफा १८ को उपदफा (५) बमोजिम बैंक खाता खोल्ने व्यवस्था मिलाउनु पर्नेछ ।

९. **आयोजना स्थल:** यस कार्यक्रम अन्तर्गतको एउटा आयोजना सम्भव भएसम्म एउटा वडाभित्र मात्रैसञ्चालन गर्नु पर्नेछ । यदि सो सम्भव नभएको अवस्थामा एउटै आयोजना सोही स्थानीय तहभित्रका दुई वा दुईभन्दा बढी वडामा सञ्चालन गर्न समेत सकिनेछ ।

१०. **काम वापतको पारिश्रमिक:** यस कार्यविधि बमोजिम रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक दर निर्देशिकाको दफा २७ ले व्यवस्था गरे बमोजिम हुनेछ ।

तर, गाउँपालिकाबाट यस कार्यक्रमको प्रयोजनका लागि मात्र छुट्टै पारिश्रमिक दर निर्धारण गर्न भने पाइने छैन ।

११. **रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्था:**

(१) यस कार्यविधि बमोजिम रु. तीन लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले आयोजनागत रुपमा खटाइएका श्रमिकहरुमध्येबाट एक जना अध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्ष सहित सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना र अन्य सदस्यहरुमध्ये कम्तिमा २ जना महिला हुनु पर्नेछ ।

(३) देहायको योग्यता भएको व्यक्ति रोजगार उपभोक्ता समितिमा रहन सक्नेछ :

(क) कुनै फौजदारी अभियोग नलागेको,

(ख) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको,

(ग) निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको ।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ । यदि आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बन्धित स्थानीय तहका वडाहरुमध्ये आयोजना सञ्चालन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिकमध्येबाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनौट गर्नु पर्नेछ ।

(५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर मात्र रहनेछ ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नु पर्नेछ । उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरे बापतको ज्याला बाहेक अन्य कुनै पनि सुविधा प्राप्त गर्ने छैनन्।

(७) गाउँपालिकाले आयोजनामा खटिएका श्रमिकहरुलाई रोजगार उपभोक्ता समिति गठनका लागि सहमतिमा अध्यक्ष र अन्य पदाधिकारीहरुको नाम प्रस्ताव गर्न तीन दिनको समय दिनु पर्नेछ । सो समयभित्र सहमति कायम हुन नसकेमा सम्बन्धित स्थानीय तहले नै अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्न सक्नेछ ।

**१२. <u>रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार</u>**: रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) गाउँपालिकासँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

(ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्नेवा राख्न लगाउने,

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजीकरण गर्ने,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी गाउँपालिकाबाट सो बराबरको रकम सिधै श्रमिकहरुको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने । तर, निर्देशिकाको दफा २८ को उपदफा (२) बमोजिम बैंक खाता मार्फत भुक्तानी गर्न सम्भव नभएको विशेष अवस्थामा श्रमिकको पारिश्रमिक स्थानीय तहबाटै श्रमिकलाई भरपाई गराई नगदै वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्ने ।

१३. **श्रमिकहरुको समूह गठन गरी काममा लगाउनु सक्नेः** रोजगार उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा निर्देशिकाको दफा २५ बमोजिमको श्रमिक समूह गठन गरी श्रमिकहरुलाई सोही दफा बमोजिम काममा लगाउन सक्नेछ ।

१४. **बैंक खाता सञ्चालन गर्न सक्नेः**

(१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य रकमको खर्च व्यवस्थापन गर्न समितिको नाममा बैंक खाता सञ्चालन गर्न सक्नेछ ।

(२) बैंक खाता अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ ।

(३) यस कार्यविधि बमोजिमका आयोजनाहरुमा हुने सबै भुक्तानी बैंक मार्फत हुनेछ ।

(४) रोजगार उपभोक्ता समितिले प्रचलित नियम बमोजिम कारोबारको लेखा दुरुस्त राख्नु पर्नेछ ।

१५. **निर्माण सामग्री खरिदः** रोजगार उपभोक्ता समितिले रोजगार आयोजना सञ्चालन गर्दा आवश्यक पर्ने निर्माण सामाग्रीहरु खरिद गर्नु पर्ने भएमा दफा ७ को उपदफा (३) को खण्ड (ख) बमोजिम स्वीकृत लागत अनुमान अनुसार खरिद गर्नु पर्नेछ ।

१६. **निर्देशन तथा समन्वयः**

(१) गाउँपालिकाभित्र सञ्चालन भएका रोजगार आयोजनाहरुको अनुगमन, समन्वय र सहजीकरणको जिम्मेवारी सम्बन्धित वडा कार्यालय, गाउँकार्यपालिका तथा स्थानीय निर्देशक समितिको हुनेछ ।

(२) वडाभित्र सञ्चालन हुने रोजगार आयोजनाको सहजीकरण, समन्वय, अनुगमन र निर्देशन सम्बन्धित वडा समितिले गर्नेछ ।

१७. **आयोजनाको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदनः**

(१) गाउँपालिकाभित्र सञ्चालन भएका रोजगार आयोजनाहरुको अनुगमन तथा सुपरिवेक्षणको जिम्मेवारी गाउँकार्यपालिका तथा स्थानीय निर्देशक समितिको हुनेछ ।

(२) वडाभित्र सञ्चालन हुने रोजगार आयोजनाको अनुगमन तथा सुपरिवेक्षण सम्बन्धित वडा समितिले गर्नेछ ।

(३) आयोजनाको नियमित प्राविधिक सुपरिवेक्षण र अनुगमन स्थानीय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नु पर्नेछ ।

## परिच्छेद ५

## बजेट व्यवस्थापन

१८. **बजेट :** (१) गाउँपालिकालाई संघिय सरकारद्धारा प्राप्त शसर्त अनुदान तथा स्थानीय तह वा वडाको साझेदारीबाट आयोजना सञ्चालन गरिनेछ ।

१९. **श्रमिकको ज्याला भुक्तानीः**

(१) गाउँपालिकाले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडा अध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नु पर्नेछ ।

(२) रोजगार उपभोक्ता समितिको अध्यक्ष वा निजले तोकेको अवस्थामा सचिवले प्रत्येक श्रमिकको लाभग्राही परिचयपत्रको पृष्ठ भागमा रहेको हाजिरी तालिका प्रमाणीत गरी आयोजना सम्पन्न भएपछि सबै परिचयपत्र संकलन गरेर प्रमाणित हाजिरीका आधारमा श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण तयार गरी रोजगार सेवा केन्द्रमा उपलव्ध गराउनु पर्नेछ । रोजगार संयोजक वा रोजगार सहायकले उक्त विवरण सात दिन भित्र रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गर्नु पर्नेछ ।

(३) रोजगार सेवा केन्द्रले रोजगार आयोजनाहरुको प्रगति प्रतिवेदन निर्देशिकाको दफा ७३ अनुसार रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गर्नु पर्नेछ ।

(४) श्रमिकको दैनिक उपस्थितिको अभिलेख अनुसार रोजगार सेवा केन्द्रले निर्देशिकाको दफा २७ को उपदफा (२) अनुसार श्रमिकको ज्याला भुक्तानी गर्नु पर्नेछ । यदि प्राविधिक मूल्याङ्कनबाट इष्टिमेट अनुसारको कार्यप्रगति भएको नदेखिएमा सम्पन्न भएको कार्य बराबरको आंशिक भुक्तानी दिन सकिनेछ ।

२०. **खर्च व्यवस्थापन प्रक्रियाः**

(१) रोजगार आयोजना सञ्चालन गर्दा स्थानीय तहले सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रहेर गर्नु पर्नेछ ।

(२) आफूले प्राप्त गरेको रकमको अनुशासित र पारदर्शी रुपमा खर्च गर्ने तथा स्रेस्ता व्यवस्थापन गर्ने र खर्चको प्रतिवेदन सार्वजनिक गर्ने जिम्मेवारी गाउँपालिकाको हुनेछ ।

(३) गाउँपालिकाले आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराउनुपर्नेछ ।

## परिच्छेद ६

## विविध

**२१. सार्वजनिक परीक्षणः** स्थानीय तहले श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक परीक्षण गराउनु पर्नेछ ।

**२२. तेश्रो पक्षको संलग्नताः** रोजगार आयोजनाको सञ्चालन गर्ने क्रममा कुनै पनि काम ठेक्का मार्फत वा तेश्रो पक्ष नियुक्त गरी गर्न पाइने छैन ।

२३. कृषि उत्पादनसँग सम्बन्धित आयोजना सञ्चालन गर्दा सूचिकृत बेरोजगारहरुलाई युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना तर्फ अनिवार्य १०० दिन तथा कामका लागि पारिश्रमिकमा आधारित आयोजना तर्फ बजेटको सीमा भित्र रही काममा लागाई लागत स्टीमेट र कार्य सम्पन्न प्रतिवेदनका आधारमा ज्याला भुक्तानी गरिनेछ ।

२४. **पारदर्शिता र उत्तरदायित्वः** रोजगार आयोजना सञ्चालन गर्दा निर्देशिकाको परिच्छेद १३ अनुसार पारदर्शिता र उत्तरदायित्व कायम गर्नु पर्नेछ ।

२५. **खर्चको विवरण अद्यावधिक गर्नुपर्नेः** रोजगार आयोजनाहरुको लागत तथा खर्च, श्रमिकको रोजगारीको दिन र भुक्तानीको अद्यावधिक विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी गर्नु पर्नेछ ।

२६. **बाधा अड्काउ फुकाउन र व्याख्या गर्न सक्ने**ः गाउँपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्नेछ ।

२७. **खारेजीः** (१) गाउँपालिकाले कुनै पनि बेला यस कार्यबिधिलाई खारेज गर्न सक्नेछ ।

(२) कार्यविधि खारेज हुनु भन्दा पहिले कार्यबिधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले......................

सुमन यङया

(प्रमुख प्रशासकीय अधिकृत)